# पाथीभरा याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ

प्रदेश नं. १, नेपाल

प.सं.: ०७७/०७८

सुचना नं.-०३ मितिः २०७७/०५/१५

## सूचना! सूचना ! ! सूचना ! ! !

यस गाउँपालिकाको सामाजिक सुरक्षा भत्तालाई विद्युतीय प्रणालीमा लैजानका लागि मिति २०७७/०५/०९ गतेका दिन यस स्थानीय तहमा रहेको लक्ष्मी बैंक शाखा थेचम्बु र गाउँपालिका बिच सम्झौता भएको र उक्त प्रयोजनका लागि पाथीभरा याङवरक गाउँपालिकाको सम्पूर्ण सामाजिक सुरक्षा लाभग्राहीहरुले लक्ष्मी बैंकको शाखा कार्यालय पाथीभरा याङवरक-२, थेचम्बुमा खाता खोल्नु पर्ने भएकोले लाभग्राहीहरुले निम्न कागजात सहित निम्न मिति, समय र स्थानमा उपस्थित भइदिनका लागि सूचना प्रशासरण गरिदिनहुन अनुरोध छ ।

**निम्न**

| वडा कार्यालय | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | २०७७/०५/२० | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-१, छिपछिपे | आफ्नो पायक पर्ने स्थानमा गइ खाता खोल्नुहोला । |
| | | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-१ को वडा कार्यालय नाङ्खोल्याङ | |
| | | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-१, मेवाखा | |
| ३ | २०७७/०५/२७ | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-३ को वडा कार्यालय तिरीङ्गे | |
| ६ | २०७७/०६/०३ | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-६ को वडा कार्यालय थुम्बेदिन | |
| ५ | २०७७/०६/०४ | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-५ को वडा कार्यालय चाक्सीबोटे से | |
| ४ | २०७७/०६/०५ | बिहानको ठीक ८ बजे | पाथीभरा याङवरक-४ को वडा कार्यालय डुमृसे | |

प्रमुख प्रशासकीय अधिकृत

## खाता खोल्नका लागी आवश्यक कागजातहरु

**जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला र बिधवा महिलाको हकमा**

- पासपोर्ट साइजको फोटो- १ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि-१ प्रति, संरक्षक राख्न चाहानुहुन्छ भने संरक्षकको नागरिकताको प्रमाणपत्रको फोटोकपि-१ प्रति, पासपोर्ट साइजको फोटो- १ प्रति र सामाजिक सुरक्षा भत्ताको परिचय पत्र फोटोकपि-१ प्रति

**बालबालिकाको हकमा**

- बालबालिकाको जन्मदर्ता प्रमाणपत्रको फोटोकपि- १ प्रति, संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि-१ प्रति, पासपोर्ट साइजको फोटो- १/१ प्रति र सामाजिक सुरक्षा भत्ताको परिचय पत्र फोटोकपि-१ प्रति

**अपाङ्गताको हकमा**

- निज व्यक्तिको अपाङ्गता परिचयत्रको फोटोकपि-१ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि-१ प्रति, नाबालक भए जन्मदर्ता प्रमाणपत्रको फोटोकपि-१ प्रति, संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि-१ प्रति पासपोर्ट साइजको फोटो- १ प्रति र सामाजिक सुरक्षा भत्ताको परिचय पत्र-१ प्रति

नोटः वडा नं. २ थेचम्बुको लाभग्राहीहरुले आवश्यक कागजात लिइ बैंकको शाखा कार्यालयमा गई खाता खोलिदिनुहुन अनुरोध छ। बाँकी अन्य वडाका लाभग्राहीहरुले माथी उल्लेखित कार्यक्रममा उपस्थित हुन नसकेमा पछि आफै कार्यालयमा उपस्थित भई खाता खोल्नुपर्नेछ। लाभग्राही तथा संरक्षकहरुले खाता खोल्न आउँदा सक्कल नागरिकता, तीनपुस्ते विवरण र मोवायल नम्बर अनिवार्य लिइ आउनुपर्नेछ साथै भौतिक दुरी कायम गर्दै अनिवार्य मास्क लगाएर उपस्थित भइदिनहुन अनुरोध छ।

.............................

लोक प्रसाद [illegible]

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत